| अन्तःशुल्क ऐन २०५८ मा संशोधन | | | |
|---|---|---|---|
| **सि नं** | **दफा** | **हालको ब्यबस्था** | **संशोधित ब्यबस्था** |
| १ | दफा २ को खण्ड (ज१) मा संशोधन। | (ज१) सुर्तीजन्य वस्तु" भन्नाले सुर्ती वा सुर्तीजन्य पदार्थका तत्वहरू मिश्रित धुम्रपान गर्ने, चपाउने, मुखमा राख्ने पानमसला, गुट्खा, खैनी वा यस्तै पदार्थहरू सम्झनु पर्छ र सो शब्दले चुरोट, बिँडी, सिगारलाई समेत जनाउँछ। | (ज१) सुर्तीजन्य वस्तु" भन्नाले सुर्ती वा सुर्तीजन्य पदार्थका तत्वहरू मिश्रित धुम्रपान गर्ने, चपाउने, मुखमा राख्ने पानमसला, गुट्खा, खैनी वा यस्तै पदार्थहरू सम्झनु पर्छ र सो शब्दले चुरोट, बिँडी**, सिगार, विद्युतीय चुरोट (भेप) र हुक्का फ्लेवर**लाई समेत जनाउँछ। |
| २ | दफा ३क. को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको। | (४) आगजनी, चोरी, दुर्घटना, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानि नोक्सानी भएको वस्तुमा तिरेको अन्तःशुल्क विभागले तोके बमोजिम कट्टी गर्न पाइनेछ। | (४) आगजनी, चोरी, दुर्घटना, ध्वंशात्मक गतिविधिको कारण हानि नोक्सानी भएको वा उपयोगको म्याद सकिएको कारणले मौज्दातमा रहन गएको वस्तुमा तिरेको अन्तःशुल्क विभागले तोके बमोजिम कट्टी गर्न पाइनेछ। |
| ३ | दफा ४ग. को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको। | (ख) कूटनैतिक नियोग, परियोजना, व्यक्ति र अन्य निकायहरूले सरकारी एवं गैरसरकारी सङ्घ, संस्था) महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले पन्ध्र वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्त्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा, | (ख) कूटनीतिक नियोग**,** परियोजना, व्यक्ति र अन्य सरकारी निकाय तथा गैरसरकारी सङ्घ संस्थाले महसुल सुविधामा पैठारी गरेको सुरु उत्पादन वर्षले दश वर्ष नाघेको वा कूटनीतिक नियोग र कूटनीतिक कर्मचारीले प्रयोग गरेको दुर्घटना वा प्राविधिक कारणले सञ्चालन हुन नसक्ने पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्त्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा, |
| ४ | दफा ९ को,-<br>(क) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा संशोधन। | (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, निकासी, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन।<br>तर नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा र स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तुहरूको | (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, निकासी, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन।<br>तर नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा र स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तुहरूको **पैठारी** |

| | | | |
|---|---|---|---|
| | | बिक्री वा सञ्चय गर्न अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन। | **वा** बिक्री वा सञ्चय गर्न अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन। |
| ५ | अन्तःशुल्क ऐन २०५८ (सं.स) को दफा ९ को उपदफा (६क) मा संशोधन। | (६क) उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले नवीकरण गराउन त्यस्तो अवधि नाघेको पहिलो तीन महिना भित्र नवीकरण दस्तुरको पचास प्रतिशत र त्यसपछिको तीन महिना भित्र शतप्रतिशत जरिवाना बुझाउनुपर्नेछ। | (६क) उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण गराउन त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पचास प्रतिशत, त्यसपछिको दोस्रो तीन महिनाभित्र शतप्रतिशत र त्यसपछि **सो आर्थिक वर्षको बाँकी अवधिसम्मको लागि दुई सय प्रतिशतका दरले जरिवाना बुझाउनु पर्नेछ।** |
| ६ | दफा (१०छ) मा संशोधन | (१०छ) अन्तःशुल्क अधिकृतले जुनसुकै बखत स्वीकृति लिइ निष्कासन गरेको मदिरा र चुलाइमा जाने पदार्थको अल्कोहलको मात्रा वा गुणस्तर परीक्षण गर्न सक्नेछ। अल्कोहलको मात्रा एक प्रतिशत भन्दा बढी फरक वा गुणस्तरमा उल्लेखनीय रुपबाट फरक पार्न पाइने छैन। | (१०छ) अन्तःशुल्क अधिकृतले जुनसुकै बखत स्वीकृति लिइ निष्कासन गरेको मदिरा र चुलाइमा जाने पदार्थको अल्कोहलको मात्रा वा गुणस्तरको परीक्षण **विभागको प्रयोगशाला वा विभागले तोके बमोजिमको प्रयोगशालाबाट** गर्न सक्नेछ। अल्कोहलको मात्रा एक प्रतिशत भन्दा बढी फरक वा गुणस्तरमा उल्लेखनीय रुपबाट फरक पार्न पाइने छैन। |
| ७ | दफा (१०ञ) पछि दफा (१०ञ१) थप। | नभएको। | १०ञ१. **अन्तःशुल्क टिकटको प्रयोग**: (१) नेपालभित्र उत्पादन तथा पैठारी हुने विभागले तोकेको अन्तःशुल्कजन्य वस्तुमा अन्तःशुल्क टिकट प्रयोग गर्नु पर्नेछ।<br>(२) अन्तःशुल्क टिकटको ढाँचा विभागले निर्धारण गरे बमोजिम हुनेछ। |

| | | | |
|---|---|---|---|
| ८ | दफा १०ट. को अन्त्यमा स्पष्टीकरण थपिएको। | नभएको। | स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "नक्कली अन्तःशुल्क टिकट" भन्नाले,-<br>(१) विभागबाट स्वीकृत सुरक्षण सङ्केत चिन्ह, विशेषता वा गुणस्तर बमोजिम नभएको वा फरक भएको,<br>(२) एउटा उद्योग वा प्रतिष्ठानको लागि जारी भएको अन्तःशुल्क टिकट अर्को उद्योग वा प्रतिष्ठानबाट प्रयोग गरिएको,<br>(३) विभागको स्वीकृत बेगर एउटा वर्ग (क्याटोगरी) को उत्पादनको लागि जारी भएको अन्तःशुल्क टिकट अर्को वर्ग (क्याटोगरी) को उत्पादनमा प्रयोग भएको,<br>(४) एक पटक प्रयोग भइसकेको अन्तःशुल्क टिकट पुनः प्रयोग गरेको,<br>(५) च्यातिएको वा टुक्र्याइएको वा झुठ्ठा (फेक) क्युआर कोड भएको। |
| ९ | दफा (१०ट) पछि दफा (१०ठ) थप गर्ने। | नभएको। | **<u>१०ठ. नष्ट गर्न सक्नेः</u>** (१) विभागले तोकेको विशेषता वा मापदण्ड अनुरुप नभएको कारण प्रयोग नगर्ने निर्णय गरी मौज्दातमा राखिएको, लगत नभएको, ओस लागेको, ढुसी परेको, धमिराले खाएको, च्यातिएको, नेपाल सरकारको निशाना छाप परिवर्तन भएको कारण प्रयोग गर्न उपयुक्त नभएका, सिरियल नम्बर नमिलेका, सिरियल नम्बर नभएको, साइज तथा आकार नमिलेको, आगलागीको कारण आंशिक रुपमा जलेको, ध्वंसात्मक गतिविधिको कारण क्षति पुगेको वा अन्य कुनै कारणले प्रयोग गर्न नमिल्ने अवस्थामा रहेको अन्तःशुल्क टिकट तोकिएको |

| | | | |
|---|---|---|---|
| | | | समितिले परिमाण यकीन गरी नष्ट गर्न सक्नेछ।<br>तर परिमाण यकीन गर्न नसकिने पुराना टिकटको हकमा यथास्थितिको मुचुल्का बनाई समितिले नष्ट गर्न सक्नेछ।<br>(२) उपभोगको म्याद समाप्त भएका तथा उपभोगमा आउन नसक्ने अन्तःशुल्क लाग्ने वस्तु तोकिए बमोजिम नष्ट गर्न सकिनेछ। |
| १० | दफा १६ को उपदफा ४ को खण्ड (ट) | (ट) स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको बिक्रि गर्दा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क असुल गरी असुल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शतप्रतिशत रकम, | (ट) **प्रतिष्ठानले आफुले उत्पादन गरेका स्वयं निष्कासन** प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको बिक्रि गर्दा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क असुल गरी असुल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शतप्रतिशत रकम, |
| ११ | दफा १६ को उपदफा (४) को खण्ड (ध) मा संशोधन। | (ध) अन्तःशुल्क अधिकृतले मदिरा, चुरोट, सुर्तीजन्य वस्तु, मदिराको कच्चा पदार्थको रूपमा प्रयोग हुने मोलासेस र स्प्रिट तथा अन्य अन्तःशुल्क लाग्ने पदार्थ उत्पादन गर्ने इजाजतपत्रवालाको मौज्दात परीक्षण गर्दा **अन्तःशुल्क नियमावली, २०५९ बमोजिम तोकिएका** खरिद खाता वा मौज्दात खातामा उल्लेख भएको भन्दा बढी वस्तु मौज्दात फेला परेमा यस्तो वस्तु आम्दानी बाँधन लगाई त्यसरी बढी फेला परेको वस्तुको बजार मूल्य कायम गरी त्यस्तो मूल्यको शतप्रतिशतले हुने रकम, | (ध) अन्तःशुल्क अधिकृतले मदिरा, चुरोट, सुर्तीजन्य वस्तु, मदिराको कच्चा पदार्थको रूपमा प्रयोग हुने मोलासेस र स्प्रिट तथा अन्य अन्तःशुल्क लाग्ने पदार्थ उत्पादन गर्ने इजाजतपत्रवालाको मौज्दात परीक्षण गर्दा **तोकिएको** खरिद खाता वा मौज्दात खातामा उल्लेख भएको भन्दा बढी वस्तु मौज्दात फेला परेमा यस्तो वस्तु आम्दानी बाँधन लगाई त्यसरी बढी फेला परेको वस्तुको बजार मूल्य कायम गरी त्यस्तो मूल्यको शतप्रतिशतले हुने रकम, |
| १२ | अन्तःशुल्क ऐन, २०५८ (सं.स.) | अन्तःशुल्क ऐन, २०५८ (सं.स.) मा रहेका "सुर्तीजन्य पदार्थ" र "चुलाई" भन्ने शब्दहरु। | अन्तःशुल्क ऐन, २०५८ (सं.स.) ठाउँ ठाउँमा रहेका "सुर्तीजन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "सुर्तीजन्य वस्तु" भन्ने |

| | | | |
|---|---|---|---|
| | | | शब्दहरु र "चुलाई" भन्ने शब्दको सट्टा "डिष्टिलेशन" भन्ने शब्द राखिएको छ। |